
# प्रक्षेपण
राष्ट्रिय दैनिक
www.prakshepandaily.com

वर्ष २४ | अंक २०५ | २०८२ फागुन ०६ गते बुधबार | 18 February 2026 Wednesday | नेपाल संवत ११४६ | पृष्ठ ८ | मूल्य : १०/


# आठौं पटक चुनाव लड्दै ओली, फेरि ल्याए झापा-५ समृद्ध बनाउने योजना



■ प्रक्षेपण समाचारदाता

काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि झापा निर्वाचन क्षेत्र नं. ५ बाट आठौं पटक उम्मेदवारी दिंदै समग्र विकास र समृद्धिको खाका समेटिएको विस्तृत प्रतिवद्धता-पत्र सार्वजनिक गरेका छन्। 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय गन्तव्यलाई आधार बनाउँदै सार्वजनिक गरिएको प्रतिवद्धता-पत्रमा भौतिक पूर्वाधार, कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी र सुशासनलाई मुख्य प्राथमिकतामा राखिएको छ। प्रतिवद्धता-पत्र सार्वजनिक गर्दै ओलीले झापा-५ लाई आर्थिक, सामाजिक र पूर्वाधार विकासको नमुना क्षेत्र बनाउने लक्ष्य लिएको बताए। उनले विगतमा आफ्नै नेतृत्वमा भएका विकास योजनाहरूको निरन्तरतासँगै बाँकी रहेका अधुरा परियोजनाहरू सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरे। ओलीका अनुसार स्थायित्व, सुशासन र विकासबीचको सन्तुलन कायम गर्दै मात्र मुलुकलाई समृद्धितर्फ लैजान सकिन्छ।

एमालेले आफ्नो दस्तावेजमा २००६ सालदेखि सुरु भएको कम्युनिस्ट आन्दोलनको इतिहास स्मरण गर्दै नेकपा (एमाले)लाई मूलधारको राजनीतिक शक्तिका रूपमा प्रस्तुत गरेको छ। पार्टीले विगतमा सञ्चालन गरेका लोकप्रिय कार्यक्रमहरूलाई आधार मानेर नयाँ योजनाहरू अघि बढाइने उल्लेख गरेको छ। राजनीतिक अस्थिरता अन्त्य, सुशासनको प्रवर्द्धन र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति लागू गर्ने विषयलाई विशेष जोड दिइएको छ। साथै, कृत्रिम बुद्धिमत्ता (एआई) र सामाजिक सञ्जालको दुरुपयोग रोक्न आवश्यक कानुनी व्यवस्था गर्ने प्रतिबद्धता पनि पत्रमा समेटिएको छ। भौतिक पूर्वाधारतर्फ यस क्षेत्रका मुख्य सडक र पुलहरूको निर्माण तथा स्तरोन्नतिलाई उच्च प्राथमिकता दिइएको छ। दमक-चिसापानी-रवि सडकखण्डलाई पूर्णता दिने, पाडाजुँगी-गौरीगञ्ज-आल्ताबारी सडकको स्तरोन्नति गर्ने र हुलाकी मार्ग अन्तर्गत माई नदीको पुलको अधुरो काम सम्पन्न गर्ने लक्ष्य लिइएको छ। त्यस्तै, रतुवा, मावा र कमल खोलामा तटबन्धन निर्माण गरी नदी कटान नियन्त्रण गर्ने तथा पक्की पुलमार्फत आवागमन सहज बनाउने योजना अघि सारिएको छ।

दमक र गौरादहलाई 'स्मार्ट सिटी' को रूपमा विकास गर्दै व्यवस्थित बसोबासको व्यवस्था मिलाइने उल्लेख छ। सहरी पूर्वाधार, ढल निकास, फोहर व्यवस्थापन, सार्वजनिक यातायात र हरित क्षेत्रको विकासलाई समेत प्राथमिकतामा राखिएको छ। यसले स्थानीय बासिन्दाको जीवनस्तर उकास्न सहयोग पुग्ने एमालेको दावी छ। कृषि प्रधान क्षेत्र भएकाले किसानलाई केन्द्रमा राखेर कृषि आधुनिकीकरण र यान्त्रिकीकरण गर्ने योजना बनाइएको छ।

– बाँकी पृष्ठ ३ मा

## 'कान खोलेर सुनौँ, एमाले पहिलो दल बन्छ'

काठमाडौं । नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले आउँदो प्रतिनिधिसभा निर्वाचनबाट नेकपा (एमाले) पहिलो पार्टी बन्ने दाबी गरेका छन्। मंगलबार झापा-५ मा आयोजित प्रतिबद्धतापत्र सार्वजनिक कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले एमालेलाई पहिलो पार्टी हुनबाट कसैले रोक्न नसक्ने बताएका हुन्। कार्यक्रममा सम्बोधन गर्दै ओलीले आगामी निर्वाचनमा एमाले निर्णायक शक्तिका रूपमा उदाउने विश्वास व्यक्त गरे। उनले २०८४ सालको निर्वाचन पर्खिरहेको अवस्थामा मध्यावधि निर्वाचनबाट नै पहिलो पार्टी बन्ने अवसर प्राप्त भएको बताए। "एमाले दोस्रो पार्टी थियो, अहिले चुनाव हुने भयो, पहिलो पार्टी हुन्छ। हामी त ८४ पर्खिराखेका थियौं। तर अहिले नै पहिलो पार्टी हुने मौका मिल्यो," उनले भने।

ओलीले विभिन्न प्रयासमार्फत एमालेलाई कमजोर बनाउने प्रयास भए पनि पार्टी झनै सशक्त भएर अघि बढेको दाबी गरे। "एमालेलाई सिद्ध्याउन खोजियो, आगो लगाइयो, तर एमाले झन बलियो भएर आएको छ। अब एमाले पहिलो पार्टी हुन्छ," उनले भने। उनले एमालेविरोधी शक्तिहरूलाई लक्षित गर्दै आउँदो निर्वाचनमा पार्टी पहिलो हुने कुरामा ढुक्क रहन आग्रहसमेत गरे। आगामी चुनाव आगो लगाउने र शान्ति चाहने शक्तिबीचको प्रतिस्पर्धा हुने ओलीको भनाइ थियो। उनले नेपाली समाज शान्तिप्रिय भएको उल्लेख गर्दै हिंसा, आगजनी र तोडफोड गर्ने प्रवृत्तिको आलोचना गरे। "देशमा अराजकता मच्चाउने, आगजनी गर्ने, राज्यको सम्पत्ति तोडफोड गर्नेलाई नेपाली हुँ भन्न पनि सरम हुनुपर्छ," उनले भने, "लुटपाट गरेर बाँच्ने नेपाली जाति होइन।"

ओलीले नेपाली जनता परिश्रम गरेर जीवनयापन गर्ने र शान्तिपूर्ण समाज निर्माणमा विश्वास गर्ने जाति भएको उल्लेख गरे। "नेपाली गरी खाने जाति हो, लुटेर खाने जाति होइन। नेपाली शान्तिप्रिय जाति हो, आगो लगाउँदै कुद्ने जाति होइन," उनले भने। उनले सबै राजनीतिक दल र नागरिकलाई शान्ति, सहिष्णुता र लोकतान्त्रिक मूल्यको पक्षमा उभिन आग्रह गरे। कार्यक्रममा ओलीले मुलुकमा स्थायित्व, विकास र समृद्धिका लागि बलियो नेतृत्व आवश्यक रहेको भन्दै त्यसको जिम्मेवारी एमालेले लिन सक्ने दाबी गरे। उनले विगतमा भएका विकास कार्य, पूर्वाधार विस्तार र सामाजिक सुधारका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता पनि दोहोऱ्याए।

प्रतिनिधिसभा निर्वाचनमा ओली झापा-५ बाट उम्मेदवार बनेका छन्। केही दिनयता उनी सोही क्षेत्रलाई केन्द्रमा राखेर चुनावी अभियानमा सक्रिय छन्। घरदैलो कार्यक्रम, कार्यकर्ता भेटघाट र विभिन्न राजनीतिक सभामार्फत उनले मतदातासँग प्रत्यक्ष संवाद गरिरहेका छन्। एमालेले झापा-५ लाई आफ्नो बलियो आधार क्षेत्रका रूपमा लिँदै आएको छ। ओलीको सक्रियता र पार्टीको संगठनात्मक तयारीलाई मध्यनजर गर्दै यस क्षेत्रमा प्रतिस्पर्धा चर्को हुने अनुमान गरिएको छ। ओलीले आगामी निर्वाचनलाई एमालेको नेतृत्व स्थापित गर्ने अवसरका रूपमा व्याख्या गर्दै जनताले पार्टीलाई पुनः विश्वास गर्ने विश्वास व्यक्त गरेका छन्।

# विश्वकपमा १२ वर्षपछि नेपालको उत्कृष्ट जित



काठमाडौं । आईसीसी टी-२० विश्वकपमा नेपाली राष्ट्रिय क्रिकेट टोलीले १२ वर्षपछि जित दर्ता गरेको छ। मंगलबार भएको समूह सी को आफ्नो अन्तिम खेलमा स्कटल्यान्डलाई ७ विकेटले पराजित गर्दै नेपालले विश्वकपमा १२ वर्षपछि जित दर्ता गरेको हो। नेपालले पहिलो पटक सन् २०१४ मा बंगलादेशमा भएको विश्वकपमा २ जित हात पारेको थियो। नेपालले पहिलो पटक विश्वकप खेल्दा सन् २०१४ मा हङकङलाई ८० रनले हराएको थियो।

समूह चरणको दोस्रो खेलमा नेपालले अफगानिस्तानलाई ९ रनले हराएको थियो। त्यसयता नेपालले विश्वकपमा जित निकाल्न सकेको थिएन। नेपाललाई विश्वकपमा जित निकाल्न १२ वर्ष लाग्यो। समूह चरणको अन्तिम खेलमा जित निकालेसँगै नेपालले जारी विश्वकपमा शान्त्वना जित हात पार्यो। दोस्रो पटक नेपालले सन् २०२४ मा विश्वकप खेल्दा जितविहीन यात्रा टुङ्ग्याएको थियो।

जारी विश्वकपको समुह चरणमा नेपाल पहिलो खेलमा इंग्ल्यान्डसँग ४ रनले पराजित भएको थियो। दोस्रो खेलमा इटालीसँग १० विकेटको फराकिलो हार व्यहोर्यो। तेस्रो खेलमा वेष्ट इण्डिजसँग ९ विकेटको हार भोगेको थियो। स्कटल्यान्डले दिएको १ सय ७१ रनको प्रतिस्पर्धात्मक लक्ष्य नेपालले ४ बल अगावै ३ विकेटको क्षतिमा भेट्टायो। नेपालका लागि दीपेन्द्र सिहं ऐरि ५० गुल्सन झा २४ रनमा अविजित रहे।

– बाँकी पृष्ठ ७ मा

# मत थाप्न ९० हजार मतपेटिका तयारी अवस्थामा

■ प्रक्षेपण समाचारदाता



काठमाडौं । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक ९० हजार मतपेटिकाको व्यवस्था भइसकेको निर्वाचन आयोगले जनाएको छ। आयोगका अनुसार देशभर सञ्चालन हुने मतदान प्रक्रियालाई व्यवस्थित र सुरक्षित बनाउन आवश्यक सामग्री समयमै व्यवस्थापन गरिएको हो। योगका अनुसार काठमाडौं र ललितपुरका मतदान केन्द्रका लागि आवश्यक मतपेटिका हाल केन्द्रीय कार्यालयमै भण्डारण गरिएको छ।

ती दुवै जिल्लाका निर्वाचन कार्यालयमा पर्याप्त भौतिक संरचना तथा सुर क्षित भण्डारण स्थलको अभाव भएकाले मतपेटिका आयोगकै केन्द्रीय कार्यालयमा राखिएको हो। निर्वाचन नजिकिँदै जाँदा सुरक्षासहित सम्बन्धित मतदान केन्द्रसम्म ती सामग्री पठाइने व्यवस्था मिलाइएको आयोगले जनाएको छ। चितवन जिल्लाको हकमा भने फरक व्यवस्था गरिएको छ। गत भदौ २४ गते भएको जेनजी आन्दोलनका क्रममा चितवनमा राखिएका केही मतपेटिका जलाइएकाले त्यहाँका लागि आयोगको केन्द्रीय कार्यालयबाट दुई हजार ५०० थान नयाँ मतपेटिका पठाइएको छ। यसबारे जानकारी दिँदै प्रशासन शाखा प्रमुख तथा सहायक प्रवक्ता प्रकाश न्यौपानेले चितवनमा निर्वाचन सामग्रीको अभाव हुन नदिन विशेष व्यवस्था गरिएको बताए।

उनका अनुसार, "चितवनमा अघिल्लो घटनाका कारण मतपेटिका नष्ट भएकाले केन्द्रबाटै नयाँ मतपेटिका पठाइएको हो।

– बाँकी पृष्ठ ३ मा

# रुकुमका भिरपाखामा प्रचण्डको चुनावी यात्रा



■ प्रक्षेपण समाचारदाता


काठमाडौं। नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादको नयाँ यात्रा गर्न रुकुम पूर्व आएको सुनाएका छन्। उनी चुनावी अभियानका क्रममा मंगलबार रुकुम पूर्वको नायगाड-देउखोलाबाट करिब एक घण्टाको पैदल यात्रापछि सिस्ने गाउँपालिका-२ नायगाड हुँदै सदरमुकाम रुकुमकोट पुगेका थिए। जिल्लाका विभिन्न विकट स्थानको भ्रमणपछि उनले पत्रकार सम्मेलन गर्दै आफ्ना अनुभव सुनाएका हुन्। भुमे र पुथा उत्तरगंगा गाउँपालिकाका सबै वडासहित दुर्गम बस्तीमा दुई-तीन दिनमै कठिन अभियान सम्पन्न गरेको उनले बताए। मतदाताबाट पाएको हौसलाले भौतिक कठिनाइ महसूस नभई नयाँ ऊर्जा प्राप्त भएको उनको भनाइ थियो।

चुनावी भेटघाटका क्रममा मतदाताले विकास निर्माणमै जोड दिएको उनले सुनाए। 'सबै ठाउँमा सडक सञ्जाल विस्तार, अधुरा बाटो सम्पन्न, क्रमागत योजना पूरा र पुल नभएका स्थानमा पुल निर्माण गर्नुपर्ने माग जनताबाट आएको छ,' प्रचण्डले भने। रुकुम पूर्वका जनताले सडक सञ्जालका अतिरिक्त शिक्षा, पर्यटन र रोजगारीका लागि आग्रह गरेको बताए।

– बाँकी पृष्ठ ३ मा

## क्यासिनो लुट प्रकरण :
# दावासहित १० जनालाई थुनामा पठाउन आदेश


■ प्रक्षेपण समाचारदाता




काठमाडौं । काठमाडौंको बौद्धस्थित पाँचतारे होटल ह्यात रिजेन्सीभित्र सञ्चालनमा रहेको क्यासिनो प्राइडमा भएको लुटपाट घटनाका मुख्य आरोपितहरूलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ। मंगलबार थुनछेक बहसपछि काठमाडौं जिल्ला अदालतले मुख्य प्रतिवादीहरू दावा शेर्पा 'सेट्टी', रञ्जित खड्गी 'रने' र दोर्जे शेर्पासहित १० जनालाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिएको हो। अदालतको आदेशसँगै उनीहरूलाई कारागार चलान गरिएको छ। अदालतका अनुसार प्रतिवादीहरूविरुद्ध प्रस्तुत प्रमाण, बयान तथा अनुसन्धान प्रतिवेदनका आधारमा तत्काल रिहा गर्दा अनुसन्धान तथा न्यायिक प्रक्रियामा असर पर्ने देखिएकाले थुनामा राख्ने निर्णय गरिएको हो।

– बाँकी पृष्ठ ७ मा

# २५० नेपालीलाई अवैध रूपमा अमेरिका पुऱ्याउने दुई जनाविरूद्ध मुद्दा



■ प्रक्षेपण समाचारदाता

काठमाडौं। सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) कसुरमा दुई जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएको छ। रूकुम पश्चिम साविक बाफिकोट गाउँपालिका-२ घर भई हाल काठमाडौं बस्दै आएका कलबहादुर बस्नेत र रूकुम पूर्व सिस्ने गाउँपालिका-५ घर भई हाल काठमाडौं बस्ने अमित बस्नेतविरुद्ध मुद्दा दायर गरिएको हो। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमार्फत फागुन ४ गते काठमाडौं जिल्ला अदालतमा आरोपपत्र दायर गरिएको हो। यसबारे जानकारी दिँदै जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका सूचना अधिकारी तथा प्रहरी उपरीक्षक राजन लिम्बूले अनुसन्धानपछि प्रतिवादीहरूविरुद्ध मुद्दा चलाइएको बताए। प्रहरीका अनुसार कलबहादुर बस्नेत हाल मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दामा पुर्पक्षका लागि कारागार कार्यालय डिल्लिबजारमा थुनामा रहेका छन्। सोही मुद्दामा संलग्न रहेका अमित बस्नेत भने हाल फरार रहेको जनाइएको छ।

– बाँकी पृष्ठ ३ मा




# झापा-१ : हात्तीको कहरबाट जोगाउनेलाई मत



झापा । मेचीनगर-१ तिरिङकी सविता पुरी चुनाव नजिकिए पनि खेतमा पाकेको तोरीबाली भित्र्याउन व्यस्त छिन्। अन्य बाली हात्तीले सखाप पारिदिने भएपछि विकल्पका रूपमा उनले तोरीबाली रोजेकी हुन्। हात्तीले नखाने भएकाले गाउँका पाखोबारीमा अचेल अन्नभन्दा बढी तोरी झुल्न थालेका उनको भनाइ छ।

भारतसँग सीमा जोडिएको तिरिङ मात्र होइन, मेचीनगर-१, २, ३ र ४ सम्म फैलिएको सिङ्गो बाहुनडाँगीका स्थानीयको चार दशकदेखि साझा चासो र प्रश्न एउटै छ, 'जङ्गली हात्तीबाट जिउज्यान र बाली कसरी जोगाउने ?' अन्नबाली, फलफूल र तरकारी जोगाउन नसकेर सास्ती पाएका यहाँका बासिन्दाका लागि तोरीखेती हात्तीबाट जोगाउन सकिने वैकल्पिक कृषिकर्म बनेको छ।

अन्यत्र झैँ झापा निर्वाचन क्षेत्र नं १ मा पनि आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि उम्मेदवार आश्वासनको झोला बोकेर घरदैलोमा पुग्न थालिसकेका छन्। मेचीनगरको १, २, ३ र ४ नं वडा सङ्घीयता आउनुअघि साविक बाहुनडाँगी गाविसको अङ्ग थिए। यहाँका २२ हजारभन्दा बढी मतदाता अहिले हात्तीको त्रासबाट जसले समाधान दिन्छ उसैलाई मत दिने भनेर साझा अभिमत व्यक्त गरिरहेका छन्।

'अहिलेसम्म एक जना उम्मेदवार मात्र आउनुभएको छ, अरू पनि आउनुहोला', तोरीको थुप्रो पन्छाउँदै स्थानीय पुरीले भने, 'हामीलाई जसले हात्तीको त्रासबाट मुक्त गराउने विश्वाससहित योजना दिन्छ, यसपालिको भोट उसैलाई दिनेछौँ।'

पटकपटकका निर्वाचनमा उम्मेदवार फेरिए, सरकार फेरियो, तर बाहुनडाँगीको नियति नफेरिएको स्थानीयवासीको गुनासो छ। भारतबाट मेची नदी तरेर आउने हात्तीलाई रोक्न सरकारले करोडौँ खर्चेर विद्युतीय तारबार लगाएको छ। तर, स्थानीयका अनुसार ती तारबार अहिले 'हात्तीका लागि खेलौना' जस्तै भएका छन्। हात्तीले तारबार भत्काउने र नाघेर गाउँ पस्नेक्रम रोकिएको छैन।

कक्षा १२ मा अध्ययनरत युवा मतदाता प्रवेश पुरीले देशमा धेरै परिवर्तन भए पनि गाउँमा हात्तीको समस्या उस्तै रहेको बताए।

उनले यसपटक मत माग्न घरदैलोमा आउने हरेक उम्मेदवारसँग हात्तीको समस्या समाधानका लागि 'चित्तबुझ्दो र दीर्घकालीन' योजना के छ भनेर प्रश्न सोध्ने गरिएको बताए।

झापा-१ मा राजनीतिक दलका १३ र स्वतन्त्र दुई गरी १५ जना उम्मेदवार चुनावी मैदानमा छन्। यहाँ कूल एक लाख ३१ हजार ६७ मतदाता छन्, जसमा १० हजार ६९२ नयाँ मतदाता थपिएका हुन्। मेचीनगरका १५ वटै वडा, बुद्धशान्तिका चार वटा र भद्रपुरका दुई वटा वडा समेटिएको यो क्षेत्रमा ४३ मतदानस्थल र १४५ मतदान केन्द्र तोकिएका छन्।

झापा-१ को भूगोलमा हात्तीको त्रास नभएको कुनै गाउँ छैन। बाली नोक्सान नभएको कुनै वडा छैन र हात्तीको आक्रमणमा आफन्त नगुमाएको कुनै पालिका छैन। निर्वाचन नजिकिएसँगै नेताहरूले बाँड्ने 'आश्वासनको पोको' भन्दा 'कार्यान्वयनयोग्य समाधान'को पर्खाइमा यहाँका मतदाता रहेका पुरीले बताए।

## आठौं पटक..

भूमिगत तथा सतह सिँचाइ आयोजनामार्फत सिँचाइ सुविधा विस्तार गर्ने, जैविक मल कारखाना स्थापना गर्ने र किसानका उत्पादन सुरक्षित राख्न शीतभण्डार निर्माण गर्ने कार्यक्रम समेटिएको छ। कृषि बजारको पहुँच बढाई किसानको आम्दानी वृद्धि गर्ने लक्ष्यसमेत राखिएको छ। उद्योग र रोजगारी सिर्जनालाई पनि प्रतिवद्धता-पत्रमा विशेष महत्व दिइएको छ। दमकमा निर्माणाधीन नेपाल-चीन मैत्री औद्योगिक पार्कलाई शीघ्र सम्पन्न गरी स्थानीय युवालाई रोजगारी दिने र व्यापारिक केन्द्रका रूपमा दमक बिजनेस टावर सञ्चालनमा ल्याउने योजना अघि सारिएको छ। यसबाट स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउने एमालेको अपेक्षा छ।

सामाजिक क्षेत्रतर्फ प्रत्येक घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याउने र अधुरा खानेपानी आयोजना पूरा गर्ने लक्ष्य राखिएको छ। स्वास्थ्य सेवामा दमक, कमल र गौरादहका अस्पतालहरूको स्तरोन्नति, विशेषज्ञ सेवा विस्तार र स्वास्थ्य बिमालाई प्रभावकारी बनाउने योजना उल्लेख गरिएको छ। शिक्षातर्फ सामुदायिक विद्यालय तथा क्याम्पसहरूको भौतिक सुधार, प्रविधिमैत्री शिक्षण र गुणस्तर अभिवृद्धिमा जोड दिइएको छ। खेलकुद पूर्वाधार विकासका लागि दमकमा मदन भण्डारी रङ्गशाला र कमलमा आदिवासी रङ्गशालालाई आधुनिक स्तरमा निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। यसले युवालाई खेलकुदतर्फ आकर्षित गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्न सक्षम बनाउने विश्वास व्यक्त गरिएको छ।

भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोबासीहरूको समस्या समाधान गर्न लालपुर्जा वितरण कार्यलाई तीव्रता दिने एमालेको योजना छ। साथै, विपन्न तथा दलित समुदायका लागि सुरक्षित आवास निर्माण कार्यक्रमलाई निरन्तरता दिइने उल्लेख गरिएको छ। सामाजिक न्याय र समावेशीतालाई केन्द्रमा राखेर विकासका कार्यक्रम अघि बढाइने ओलीले बताएका छन्।

पर्यटन विकासतर्फ सिमसार क्षेत्र, वाल्मीकि आश्रम, इन्द्रेणी ताल र गौरादहको पोखरीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना प्रस्तुत गरिएको छ। स्थानीय संस्कृति, परम्परा र प्राकृतिक सम्पदाको संरक्षण गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ। ओलीले झापा-५ लाई पूर्वी नेपालको आर्थिक, शैक्षिक र औद्योगिक केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन सोचसहित प्रतिवद्धता-पत्र सार्वजनिक गरिएको बताए। उनले मतदातासँग विकास, स्थायित्व र सुशासनको पक्षमा साथ दिन आग्रह गर्दै विगतको अनुभव र भावी योजनाका आधारमा आफूलाई पुन: निर्वाचित गराउने विश्वास व्यक्त गरेका छन्। एमालेले प्रस्तुत गरेको यो प्रतिवद्धता-पत्रलाई आगामी निर्वाचनमा आफ्नो मुख्य राजनीतिक आधार बनाउने तयारी गरेको छ।

## २५० नेपालीलाई ...

अनुसन्धानका क्रममा प्रतिवादीहरूले करिब २५० जना नेपाली नागरिकलाई गैरकानुनी बाटो प्रयोग गरी विभिन्न देश हुँदै अमेरिका प्रवेश गराएको खुलेको प्रहरीले जनाएको छ। केही व्यक्तिलाई अमेरिका लैजाने प्रलोभन देखाई विभिन्न मुलुकमा अलपत्र पारिएको, मानव बेचबिखन, ठगी तथा वैदेशिक रोजगार ठगीसम्बन्धी गतिविधिमा संलग्न भएको समेत अनुसन्धानबाट पुष्टि भएको बताइएको छ।

प्रहरीका अनुसार यी अवैध गतिविधिबाट आर्जित रकम नगद तथा विभिन्न बैंक खातामार्फत शुद्धीकरण गरिएको पाइएको छ। अवैध आम्दानीलाई वैध बनाउने उद्देश्यले बैंकिङ प्रणाली, बीमा र अन्य वित्तीय माध्यम प्रयोग गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जनाइएको छ। कानुन कार्यान्वयन निकायले गरेको छानबिनअनुसार कलबहादुर बस्नेतको नाममा ७० करोड ६० लाख ५३ हजार ७२२ रुपैयाँ ३३ पैसा र अमित बस्नेतको नाममा २७ करोड ४५ लाख २९ हजार ०२८ रुपैयाँ ९४ पैसा बराबरको अवैध सम्पत्ति भेटिएको छ। यसरी दुवैको नाममा जम्मा ९८ करोड ५ लाख ८२ हजार ७५१ रुपैयाँ २७ पैसा बराबरको बिगो कायम गरिएको छ।

अभियोगपत्रमा सोही बिगो बराबरको दोब्बर जरिवाना तथा कसुरको मात्रा अनुसार दुईदेखि १५ वर्षसम्म कैद सजायको माग गरिएको छ। साथै, प्रतिवादीहरूको नाममा रहेका घरजग्गा, बैंक मौज्दात, बीमा रकम तथा अन्य सम्पत्ति जफत गर्नसमेत अदालतसमक्ष मागदाबी लिइएको छ। प्रहरीका अनुसार यो प्रकरण मानव बेचबिखन, अवैध आप्रवासन र आर्थिक अपराधसँग जोडिएको गम्भीर प्रकृतिको मुद्दा भएकाले थप अनुसन्धानलाई पनि निरन्तरता दिइनेछ। फरार अभियुक्त अमित बस्नेतको खोजी कार्य तीव्र पारिएको र छिट्टै नियन्त्रणमा ल्याउने प्रयास भइरहेको प्रहरीले जनाएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी यस मुद्दालाई पछिल्ला वर्षहरूमा देखिएका संगठित आर्थिक अपराध र अवैध आप्रवासनसँग जोडिएको महत्त्वपूर्ण घटनाका रूपमा हेरिएको छ। अदालतबाट हुने आगामी फैसला र अनुसन्धानको नतिजाले यस्ता अपराध नियन्त्रणमा थप प्रभाव पार्ने अपेक्षा गरिएको छ।

## मत थाप्न ९०..

निर्वाचन प्रभावित नहोस् भनेर समयमै आपूर्ति गरिएको छ।" आयोगले यस्ता संवेदनशील जिल्लामा विशेष निगरानीका साथ सामग्री व्यवस्थापन गरिरहेको जनाएको छ। भक्तपुर जिल्लामा भने जिल्ला निर्वाचन कार्यालयमै पर्याप्त मतपेटिका भण्डारण गरिएको छ। त्यहाँबाटै आवश्यकतानुसार मतदान केन्द्रसम्म पठाउने व्यवस्था मिलाइएको आयोगले जानकारी दिएको छ। स्थानीय तहसँगको समन्वयमा यातायात, सुरक्षा र भण्डारणसम्बन्धी कामहरू अघि बढाइएको जनाइएको छ। अन्य ७४ जिल्लामा भने विसं २०७९ को निर्वाचनका लागि पठाइएका मतपेटिकाको मौज्दातबाटै यसपटकको निर्वाचनका लागि प्रयोग गरिने व्यवस्था गरिएको छ। ती जिल्लामा पहिले नै सुरक्षित रूपमा भण्डारण गरिएका मतपेटिका पर्याप्त रहेकाले नयाँ खरिद वा अतिरिक्त ढुवानी आवश्यक नपरेको आयोगको भनाइ छ।

निर्वाचन आयोगका अनुसार यसपटकको निर्वाचनका लागि देशभर ९६७ वटा मतदानस्थल र २३ हजार ११२ वटा मतदान केन्द्र तोकिएका छन्। प्रत्येक मतदान केन्द्रमा आवश्यक संख्यामा मतपेटिका, मतपत्र, छाप, मतदान गोप्य कक्ष, मतदाता सूची तथा अन्य सामग्री समयमै पुऱ्याइने तयारी भइरहेको छ। आयोगले निर्वाचन व्यवस्थापनलाई पारदर्शी, सुरक्षित र विश्वासयोग्य बनाउन भौतिक पूर्वाधार तथा सामग्री व्यवस्थापनलाई प्राथमिकतामा राखेको जनाएको छ। मतपेटिका मात्र नभई, मतपत्र छपाइ, ढुवानी, सुरक्षाकर्मी परिचालन र कर्मचारी व्यवस्थापनको काम पनि समानान्तर रूपमा अघि बढाइएको छ। निर्वाचन सामग्रीको सुरक्षालाई ध्यानमा राख्दै केन्द्रीय तथा जिल्ला तहमा विशेष सुरक्षा व्यवस्था गरिएको आयोगले जनाएको छ। मतपेटिका भण्डारण गरिएका स्थानमा २४ घण्टा सुरक्षाकर्मी परिचालन गरिएको छ भने ढुवानीका क्रममा पनि सुरक्षा टोली खटाइने व्यवस्था गरिएको छ। यसबाट सामग्री हराउने, क्षति हुने वा दुरुपयोग हुने सम्भावनालाई न्यूनिकरण गर्ने लक्ष्य लिइएको छ। आयोगका अधिकारीहरूका अनुसार, निर्वाचन सामग्री समयमै मतदान केन्द्रमा पुग्न नसकेमा मतदान प्रक्रिया प्रभावित हुनसक्ने भएकाले यस विषयमा विशेष सतर्कता अपनाइएको छ। त्यसैले भौगोलिक रूपमा दुर्गम र कठिन पहुँच भएका जिल्लाहरूमा समेत अग्रिम रूपमा सामग्री पठाउने योजना बनाइएको छ।

यसपटकको निर्वाचनलाई लक्षित गरी आयोगले स्थानीय प्रशासन, सुरक्षा निकाय र सम्बन्धित सरोकारवालासँग नियमित समन्वय बैठकहरू पनि गरिरहेको छ। जिल्ला निर्वाचन कार्यालयहरूलाई सामग्री व्यवस्थापन, अभिलेखीकरण र वितरण प्रक्रियामा स्पष्ट निर्देशन दिइएको छ। निर्वाचन आयोगले मतदातालाई निर्धक्क भएर मतदान गर्न सक्ने वातावरण सिर्जना गर्नु आफ्नो मुख्य लक्ष्य भएको जनाएको छ। मतपेटिका, मतपत्र र अन्य सामग्रीको समयमै र सुरक्षित व्यवस्थापनले निर्वाचनको विश्वसनीयता बढाउने विश्वास आयोगले व्यक्त गरेको छ। आयोगका अनुसार अब निर्वाचनको मिति नजिकिँदै जाँदा मतदान अधिकृत तथा कर्मचारी तालिम, मतदाता शिक्षा कार्यक्रम र सुरक्षा तयारीलाई थप तीव्र बनाइनेछ। सबै तयारी समयमै सम्पन्न गरी फागुन २१ गते शान्तिपूर्ण, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्ने लक्ष्य लिइएको आयोगले जनाएको छ। निर्वाचन व्यवस्थापनमा देखिएको तयारी र सामग्रीको पर्याप्त उपलब्धताले यसपटकको प्रतिनिधिसभा निर्वाचन व्यवस्थित र प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## रुकुमका भिरपाखामा...

'यसअघि निर्वाचित नेताबाट भएका कामप्रति स्वीकार र खुसी छ, तर अब काम गुणात्मक हुनुपर्छ भन्ने जनताको अपेक्षा स्पष्ट छ,' उनले भने।

रुकुम पूर्वमा आफूप्रति असाधारण विश्वास र अपेक्षा देखिएको सुनाउँदै त्यसले ठूलो जिम्मेवारीको अनुभूति गराएको उनको भनाइ थियो। अभियानका क्रममा प्राप्त ज्ञापनपत्रलाई वर्गीकरण गरी पाँच वर्षभित्र जिल्लामा गुणात्मक काम गर्ने उनले प्रतिबद्धता पनि गरे। रुकुम पूर्वलाई 'क्रान्तिको आधारभूमि' भन्दै प्रचण्डले यहाँबाट समाजवादको नयाँ यात्रा सुरु गर्ने जिकिर गरे। 'देश अप्ठ्यारो अवस्थामा छ। यही आधार इलाकाबाट जनयुद्ध र क्रान्ति सुरु गरिएको थियो,' प्रचण्डले भने, 'अहिले यहीँबाट नयाँ सन्देश दिन रुकुम पूर्व आएको हुँ। यहाँबाट जाने सन्देश देशकै लागि महत्त्वपूर्ण हुन्छ।' रुकुम पूर्व जनयुद्धलाई शान्तिमा रूपान्तरण गर्ने क्रममा भएको १२ बुँदे समझदारीसँग जोडिएको ऐतिहासिक स्थल रहेको उल्लेख गर्दै उनले सामुदायिक जीवनशैली र परम्पराले नेपाली मौलिकतामा आधारित समाजवाद निर्माण सम्भव रहेको बताए। उनले भने, 'समाजवाद बाहिरबाट आयात गर्ने होइन, नेपाली संस्कृति र मौलिकताबाटै निर्माण गर्ने हो। त्यो सम्भावना यहाँबाट देखिन्छ।' उनी प्रतिनिधि सभाको निर्वाचनका लागि रुकुम पूर्वबाट उम्मेदवार बनेका छन्। चुनावी प्रचारका क्रममा केही दिनदेखि रुकुम पूर्वमा छन्।

## गण्डकीका १४ हजार बढी कर्मचारी निर्वाचनमा खटिने

गण्डकी । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशमा १४ हजारभन्दा बढी कर्मचारी खटिने भएका छन्।

प्रदेशका ११ जिल्लामा रहेका दुई हजार ३९६ मतदान केन्द्रमा छ जनाका दरले १४ हजार ३७६ जना कर्मचारी खटिने प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले जानकारी दिए।

एउटा मतदान केन्द्रमा एक/एक जना मतदान अधिकृत र सहायक मतदान अधिकृत, तीन जना सहायक कर्मचारी, एक जना कार्यालय सहयोगी र तीन जना स्वयंसेवक खटिने उनले बताए।

जिल्लामा रहेका मुख्य निर्वाचन अधिकृतको कार्यालयमार्फत कर्मचारी व्यवस्थापनको काम भइरहेको छ। छनोट भएका मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्माचारीलाई तालिम दिएर मतदान केन्द्रमा पठाइने कार्यालयले जनाएको छ।

गण्डकी प्रदेशका ११ वटै जिल्लामा गरी एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन्। प्रदेशमा १८ लाख ७० हजार ६५ मतदाता रहेका छन्।

यहाँ सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ र सबैभन्दा कम मनाङमा सात हजार मतदाता रहेका छन्। स्याङ्जामा दुई लाख ४८ हजार ८१६, तनहुँमा दुई लाख ५४ हजार ३९७, नवलपुरमा दुई लाख ६८ हजार ५२६, गोखरामा दुई लाख २९ हजार ५८ र बागलुङमा एक लाख ९३ हजार १८१ मतदाता छन्।

यस्तै, लमजुङमा एक लाख ३७ हजार १२४, पर्वतमा एक लाख २५ हजार ४६६, म्याग्दीमा ८६ हजार ३९७ र मुस्ताङमा ११ हजार ३३८ मतदाता रहेका छन्।


**Shahidnagar Municipality**

**Office of The Municipal Executive**

**Yadukuha,Dhanusha**

**Invitation Date :- 2082/11/06 (2026/02/18)**

**Invitation for Bids for the supply and procurement of Medicine.**

Contract No.: SNM/SQ/GOODS/01/2082/083

1. The Shahidnagar Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and Procurement of Medicine.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shahidnagar Municipality Office of The Municipal executive yadukuha Dhanusha may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the www.bolpatra.gov.np/egp by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till [09/03/2026] during office hours.
4. [if electronic bid is allowed, insert the following text : "Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document fee Nrs 1000.00 in the following account

   Name of the Bank: Rastriya Banijay Pvt.Ltd. Name of Office: Shahidnagar Municipality

   Office Code no. : 80217408300 Office Account no.: 1220100301010010

   Rajaswa (revenue) Shirshak no. : 14229
5. Sealed bids must be submitted to the office www.bolpatra.gov.np/egp through PPMO website www.bolpatra.gov.np on or before 10/03/2026 12:00 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [10/03/2026 13:00 at the office of Shahidnagar Municipality Office of The Municipal Executive Yadukuha,Dhanusha ]. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of [insert amount 131000.00, which shall be valid for 30 days beyond the validity period of the bid .If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.1220100303000010 Shahidnagar Municipality Dharauti Khata Ga-3 at Rastriy Banijay Bank Bhanu Chowk Branch Dhanusha and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**